निर्णय प्रमाणित
२०७८/४/२६

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु:**

**प्रस्ताव नं. १** : प्रगति समिक्षा तथा निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

**प्रस्ताव नं. २** : हेलिप्याड स्थानान्तरण सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : समपुरक अनुदान तथा विशेष अनुदानका योजनाहरु सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : भेरियशन गर्ने सम्वन्धमा ।

**निर्णयहरु :**

१. यस गाउँपालिका अन्तर्गत चालु आ.व. २०७७/०७८ मा कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति समिक्षा गरियो । साथै यस अघि भएका निर्णयहरुको समिक्षा समेत गरियो ।

२. भगवतीमाई गाउँपालिका वडा नं. ३ सान्तडामा रहेको भगवतीमाई आधारभूत अस्पतालको जग्गामा प्रदेश सरकारबाट गत आ.व. २०७६/०७७ मा यस गाउँपालिकाको सहमति नलिई हेलिप्याड निर्माण गरेको र हाल अस्पताल भवन निर्माण गर्न जग्गा अपुग हुने देखिएकोले सो हेलिप्याड स्थानान्तरणको लागि आवश्यक समन्वय गरिदिन हुन जिल्ला समन्वय समिति दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. चालु आ.व. २०७७/०७८ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान तथा समपुरक आयोजनाहरुको ठेक्का बन्दोबस्त भई निर्माणाधिन अवस्थामा रहेको र विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणको रोकथाम नियन्त्रण र उपचारको लागि देशभरी भएको बन्दाबन्दी भएको अवधिमा म्याद सकिएका आयोजनाको निश्चित मापदण्ड बनाई त्यस्ता आयोजनाको म्याद थप गरी आगामी आर्थिक वर्षमा भुक्तानी दिन मिल्ने गरी श्रोतको सुनिश्चितता गर्न नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क.सं. | आयोजनाको नाम | कार्यान्वयन भएको स्थान | श्रोतको किसिम |
|---|---|---|---|
| १. | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | वडा नं. २ वेस्तडा | नेपाल सरकार-समपुरक अनुदान |
| २. | वडाभैरव स्वास्थ्य चौकी | वडा नं. ७ वडाभैरव | नेपाल सरकार-विशेष अनुदान |
| ३. | मलुका-कचाली सडक | वडा नं. ५ कट्टी | प्रदेश सरकार-समपुरक अनुदान |
| ४. | दुनीपाटा-वाईचिपिन सडक | वडा नं. ६ र ७ | प्रदेश सरकार-समपुरक अनुदान |

४. यस गाउँपालिका अन्तर्गत नेपाल सरकार विशेष अनुदानबाट निर्माणाधिन वेस्तडा वृहत खानेपानी आयोजना वडा नं. १ र २ को डि.पि.आर. तयार गर्दा मूल्य सूची(BOQ)मा समावेश आईटम मध्ये आवश्यक पर्ने केहि आईटमहरुको परिमाण कम भएको, कुनै आइटमहरु आवश्यक पर्ने भन्दा बढी भएको र आवश्यक पर्ने केहि आईटमहरु नै छुटेको कारण भेरियशन गर्नुपर्ने भएकोले उक्त योजनाको रु. २२,१५,२३२।२३ (सुरु लागतको ७.८६ प्रतिशत) भेरियशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।



Scanned with CamScanner